# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

सूचना नम्बर: ७२-२०७९/०८०

## अन्तर्राष्ट्रिय नारी दिवसको सन्दर्भमा विविध कार्यक्रम संचालन सम्बन्धी सूचना।

(प्रकाशित मितिः २०७९/११/१६ गते)

चन्द्रकोट गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ११३ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा तपशिल बमोजिमको मिति, समय र स्थानमा तपशिल अनुसारका विविध कार्यक्रम गरी मनाउन लागिएकोले सहभागिता जनाउनको लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिलः**

**खुला गीत प्रतियोगिता तर्फः-**

कार्यक्रम संचालन हुने मितिः २०७९ फागुन २४ गते बुधवार

स्थानः चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको भवन अगाडिको खुला स्थान

समयः विहान ठिक ११ बजेदेखि

**प्रतियोगिता सम्बन्धी नियमहरुः**

१. सहभागि संख्या बाद्यबाधन तथा नृत्यकार सहित बढिमा ८ जनाको हुनुपर्नेछ।

२. गीतको शव्द र लय सकेसम्म मौलिक हुनु पर्नेछ, गीत मार्फत कसैलाई आरोप प्रत्यारोप गर्न, सामाजिक अमनचयनमा खलल पुऱ्याउने वा साम्प्रदायिक हिंसा भड्किने शव्दहरु राख्न पाईने छैन।

३. मौलिक पहिचान झल्किने भेषभूषा हुनु पर्नेछ।

४. बाद्यवादनका सामाग्रीहरु समूह आफैले व्यवस्थापन गर्नुपर्नेछ।

५. एक समूहलाई बढिमा १० मिनेटको समय प्रदान गरिनेछ सहभागिले तोकिएको विषयबस्तुमा आधारित रहेर आफ्नो समूहको गीत प्रस्तुत गर्नुपर्नेछ।

६. गीत महिला शशक्तीकरण, महिला हिंसा रोकथाम, लैङ्गिक समानता र समता, नारी अधिकार स्थापना लगायतमा स्थानीय सरकारको भूमीका विषयमा आधारित भएर प्रस्तुत गर्नुपर्ने छ।

**प्रतियोगिताको लागि देहाय अनुसारको क्षेत्रबाट मूल्याङ्कन गरिनेछ।**

| क.सं. | अंक प्रदान गरिने क्षेत्र | अक |
|---|---|---|
| १ | विषयबस्तु तथा शव्द | ३० |
| २ | स्वर तथा लय | १० |
| ३ | गीतको मौलिकता र शुद्दता | १५ |
| ४ | भेषभूषा | १० |
| ५ | बाध्यवाधन | १० |
| ६ | नृत्य | १५ |
| ७ | अनुशासन | १० |
| | जम्मा | १०० |

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

**पुरस्कार सम्बन्धी व्यवस्था:**

प्रथम पुरस्कार: नगद रु  १५,००० प्रमाणपत्र र मायाको चिनो

द्वितिय पुरस्कार: नगद रु  ११,००० प्रमाणपत्र र मायाको चिनो

तृतिय पुरस्कार: नगद रु  ८,००० प्रमाणपत्र र मायाको चिनो

सान्त्वना पुरस्कार: नगद रु ४,००० प्रमाणपत्र र मायाको चिनो

**समूह दर्ता सम्बन्धी व्यवस्था:**

प्रतियोगितामा सहभागिता जनाउन चाहने ईच्छुक समूहले २०७९ फागुन २३ गते दिनको १२ बजेभित्र गाउँपालिकाको प्रशासन शाखामा उपस्थित भै समूह दर्ता गराउनुपर्ने छ।

**उत्कृष्ट स्वयंसेवीका सम्मान कार्यक्रम तर्फ:**

प्रत्येक वडामा रहेका उत्कृष्ट महिला स्वास्थ्य स्वयंसेवीका मध्येबाट १/१ जना महिला स्वास्थ्य स्वयंसेवीका सम्मान कार्यक्रम ।

**उत्कृष्ट छात्रा सम्मान कार्यक्रम तर्फ:**

शैक्षिक शत्र २०७८ मा चन्द्रकोट गाउँपालिकामा रहेका विद्यालयहरुबाट कक्षा ५, कक्षा ८, एस.ई.ई तथा कक्षा १२ मा ३.६० वा सो भन्दा माथि जि.पि.ए. प्राप्त गर्ने छात्राहरुलाई सम्मान कार्यक्रम।

**जेष्ठ नागरिक सम्मान कार्यक्रम तर्फ:**

चन्द्रकोट गाउँपालिका भित्रका सबैभन्दा जेष्ठ महिला मध्ये १ जनालाई सम्मान कार्यक्रम।

**कुर्ची दौड तथा घैटो फोर कार्यक्रम तर्फ:**

कार्यक्रममा उपस्थित इच्छुक महिलाहरु विच खुल्ला कुर्चि दौड तथा घैटो फोर प्रतियोगितामा संचालन गरिने छ। दुवै प्रतियोगिता १/१ चरणमा संचालन हुने छ भने पहिलो सफल प्रतियोगि प्राप्त पश्चात् यस प्रतियोगिता समाप्त हुने छ। कार्यक्रममा प्रथम हुने दुवै विधाका १/१ जनालाई नगद रु.१००० र प्रमाणपत्र तथा मायाको चिनो प्रदान गरिने छ। कार्यक्रममा सहभागिता जनाउन चाहनेले कार्यक्रम संचालन हुने दिनको विहान ११ वजे पश्चात् १२ वजेसम्म नाम टिपाउन पर्ने छ र गोला प्रथाबाट खेलमा आवद्ध गरिने छ।

थप जानकारीका लागि: चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मी वा टोल फ्रि नम्बर १६६०७९५२३३३ वा ९८४४०७५७७६ मा सम्पर्क गर्न सकिनेछ।

*पुनश्च: सहभागिहरुले यातायातको व्यवस्था स्वयंले गर्नु पर्नेछ।*

(विष्णु प्रसाद भुसाल)

प्रमुख प्रशासकीय अधिकृत

**विष्णु प्रसाद भुसाल**

**प्रमुख प्रशासकीय अधिकृत**